आज मिति २०७८ साल कार्तिक ३ गते जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष एवम् बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा ~~विपद~~ जिल्ला विपद व्यवस्थापन समितिका विषयगत क्षेत्रका अगुवाहरुसंग बैठक बसी निम्नानुसार निर्णय गरियो।

## उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जि.प्रशा.का. बर्दिया अध्यक्ष

प्र.उ. श्री ईश्वर कार्की, जि.प्र.का.

स.प्र.उ. श्री नर बहादुर रावत. स.प्र.ब. नेपाल

प्र.उप.अनु.नि. श्री प्रज्वल खड्का. रा.अ.जि.का.

सेनानी श्री मोहन के.सी. भैरव प्रसाद गण पुरुषा गुल्म

प.वि.अ. डा. सुमन खनाल, कृ.कृ. तथा प.वि.का., बर्दिया

डि.प्र. तिलक न्यौपाने रा.वा. तथा स.डि.डा. बैंक

स.व.अ. द्रोणराज शर्मा, डिभिजन वन कार्यालय, बर्दिया

प.ज.स्वा.अ. गोकर्ण गिरी स्वास्थ्य कार्यालय बर्दिया

प्रा.स. शेर बहादुर रोका शिक्षा विकास तथा स.इ. बर्दिया

अधिकृत बिन्दु पन्थी युनिसेफ क्षेत्रीय कार्यालय नेपालगंज

नीयतनाथ ओली – अनुसन्धान अधिकृत

प्र.अ. ओम प्रकाश देवकोटा जि.प्रशा.का. बर्दिया

स.प्र.जि.अ. माधव प्रसाद शर्मा जि.प्रशा.का. बर्दिया

क.अ. गंगाराम अधिकारी ॥

निर्णयः

१. कर्णाली नदीमा आकस्मिक रुपमा आएको बाढीजन्य विपद् एवम् कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा समीक्षा एवम् छलफल भयो ।

२. बाढीबाट प्रभावित भई विस्थापित भएर अस्थायी आश्रयस्थलमा बसेका नागरिकहरुलाई तत्काल खाद्यान्न तथा राहत वितरण गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुलाई अनुरोध गर्ने र त्यस्ता खाद्यान्न तथा राहत जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको समन्वयमा स्थानीय तह मार्फत एकद्वार प्रणालीबाट मात्र वितरण गर्ने ।

३. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८(एघारौ अध्यावधिक संस्करण, २०७८) बर्दियामा बिषयगत क्षेत्रहरुलाई तोकिए अनुसार सबै बिषयगत क्षेत्रहरुले आ-आफ्नो जिम्मेवारी स्वतःस्फूर्त(Pro Active) रुपमा पूरा गर्ने । सोको प्रगति विवरण प्रत्येक दिन DDMC बर्दियाको सचिवालय जिल्ला प्रशासन कार्यालय, बर्दियामा पेश गर्ने ।

४. बहुक्षेत्रगत विस्तृत सर्वेक्षण तथा आपतकालीन शिविर व्यवस्थापनका लागि शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई, बाँके र शहरी विकास तथा भवन कार्यालय, नेपालगंजको नेतृत्वमा नेपाल रेडक्रस सोसाइटी बर्दिया जिल्ला शाखाले समन्वय एवम् सम्बन्धित स्थानीय तहसंग सहकार्य गरी आवश्यक कार्य गर्ने ।

५. खानेपानी तथा सरसफाई डिभिजन कर्यालय बाँके फिल्ड कार्यालय बर्दियाले आश्रयस्थलमा बसेका नागरिकहरुलाई स्वच्छ खानेपानी, पानी शुद्व पार्ने पियूस, वाटरगार्ड, एक्वाट्याब आदिको व्यवस्था मिलाउने।

६. शिक्षा विकास तथा समन्वय इकाई, बर्दियाले बाढीजन्य विपद्बाट प्रभावित भएका राजापुर नगरपालिका र गेरुवा गाउँपालिका क्षेत्रका विद्यालयका बाढी प्रभावित विद्यार्थीहरुको नष्ट भएको पाठ्यपूस्तक, पाठ्यसामग्री तथा शैक्षिक सामग्रीको क्षतिको विवरण संकलन गरी DDMC बर्दियामा पेश गर्ने।

७. स्वास्थ्य कार्यालय, बर्दियाले बाढी प्रभावित क्षेत्रहरुमा महामारीजन्य प्रकोप हुन नदिन आश्रयस्थल एवम् आवश्यक स्थानहरुमा स्वास्थ्य शिविर संचालन गर्ने र सम्भावित महामारी तथा कोभिड-१९ संक्रमणबाट बच्न विभिन्न माध्यमबाट समन्वयात्मकरुपमा औषधी उपचार तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने।

८. सडक पुर्वाधार विकास कार्यालय, बर्दिया र सम्बन्धित स्थानीय तहले समन्वयात्मक रुपमा बाढीबाट क्षति भएका बाटो, कल्भर्ट, पूल पुलेसा, सार्वजनिक पूर्वाधार सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने।

९. नेपाल विद्युत प्राधिकरण राजापुर वितरण केन्द्रले बाढीबाट अवरुद्ध विद्युत सेवा अविलम्ब संचालन गर्ने ।

१०. नेपाल टेलिकम, राजापुरले बाढीबाट क्षति भएका संरचनाहरु अविलम्ब मर्मत गरी संचार सेवा सूचारु गर्ने ।

११. नेपाली सेनाले एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, बर्दिया र सम्बन्धित स्थानीय तहसंग समन्वय गरी बाढीले बगाएर ल्याएका पशुपंक्षी तथा बाढीका कारणले मरेका जनावरहरुको समुचित व्यवस्थापन गर्ने ।

१२. एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, बर्दियाले मिति २०७८/०६/३१ गतेदेखि २०७८/०७/०२ गते रातीसम्म यस जिल्लामा हावाहुरी सहित परेको अविरल बर्षाले खेतमा रहेको धान लगायतको अन्नबाली, फलफूल खेती आदिमा पुर्याएको क्षतिको यथाशीघ्र प्रारम्भिक विवरण लिई DDMC बर्दियामा पेश गर्ने।

१३. राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका बाढी पीडितहरुका लागि लुम्बिनी प्रदेश सरकारसंग विभिन्न आवश्यक राहत सामग्री माग गर्ने ।

१४. नेपालस्थित संयुक्त राष्ट्र संघीय नियोग, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले बाढीबाट प्रभावित नागरिकहरुलाई यस समिति र सम्बन्धित बिषयगत क्षेत्रहरुसंग समन्वयगरी आवश्यक राहत तथा सहयोग उपलब्ध गराउन अनुरोध गर्ने ।